Regd. No. 172459/074/75

PAN : 302100400

इष्टर्न हाइड्रोपावर लिमिटेड

EASTERN HYDROPOWER LTD.

(Pikhuwa Khola Small Hydro Power Project, Bhojpur)

Ref.No.51/083/84

मिति :-२०८३।०७।१९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं ।

विषय : इर्ष्टन हाइड्रोपावर लिमिटेडको दशौँ वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) पेश गरेको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस कम्पनीको दशौँ वार्षिक साधारण सभा मिति २०८३ आश्विन २९ गते ११:०० वजे होटल हार्दिक, वागवजार , काठमाण्डौंमा सम्पन्न गरिएको थियो । उक्त साधारण सभाको निर्णय (माइन्यूट) थान -१ यसै पत्र साथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थ

१) श्री नेपाल धितोपत्र बोर्ड :-दशौँ वार्षिक साधारणसभाको निर्णय प्रतिलिपि थान-१ यसै पत्र
खुमलटार, ललितपुर साथ संलग्न छ ।

२) श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड " " "
सिंहदरवार , काठमाण्डौं ।

मिलन खतिवडा
कम्पनी सचिव

रजिष्टर्ड कार्यालय : ललितपुर-१०, ज्वागल । फोन नं. : ०१-५४५०९३४ । फ्याक्स नं. : ०१-५४५०९३४
E-mail : pikhuwakhola5@gmail.com . website : www.ehpl.com.np

इष्टर्न हाइड्रोपावर लिमिटेड
ज्वागल - १०, ललितपुर
दशौँ बार्षिक साधारण सभा (आ.व. २०८२।८३) को निर्णय (माइन्यूट)

इर्ष्टन हाइड्रोपावर लिमिटेडको दशौँ वार्षिक साधारण सभा यस कम्पनीका अध्यक्ष श्री धनबहादुर श्रेष्ठको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि पारित गर्ने निर्णय गरियो ।

साधारणसभाको मिति, समय र स्थान :

मिति :- २०८३ आश्विन २९ गते बिहिवार (तदनुसार १५ अक्टोवर, २०२६)

समय :- विहान ११:०० वजे

स्थान :- होटल हार्दिक, वागवजार, काठमाण्डौं ।

सभाका प्रस्तावहरु :

(१) **सामान्य प्रस्तावहरु :-**

क) कम्पनीको तर्फवाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०८२/८३ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव,नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८३/८४ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी ।

(२) **विशेष प्रस्तावहरु :-**

क) कम्पनीको १:०.८७१ वरावरको हकप्रद शेयर (Right share) निष्कासन सम्बन्धी ।

ख) कम्पनीको रजिष्टर्ड कार्यलय रहेको ठेगाना परिवर्तन हुनेहुँदा प्रवन्धपत्र र नियमावली संशोधन सम्बन्धी ।

(३) **विविध**

१. **साधारण सभाको सूचना प्रकाशित सम्बन्धमा :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८३ आश्विन ५ गते सोमवार दिनको १:०० बजे बसेको सञ्चालक समितिको बैठकले यस लिमिटेडको दशौँ वार्षिक साधारणसभा मिति २०८३ आश्विन २९ गते बिहिवार (तदनुसार १५ अक्टोवर, २०२६)

EASTERN HYDROPOWER Ltd. 2017

विहान ११:०० वजे बस्ने भनी निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ (२) को व्यवस्था वमोजिम यस कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई विद्युतिय माध्यम, कम्पनीको वेभसाईट र सूचनापाटीमा टाँस गर्नुको साथै राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा प्रथम पटक मिति २०८३/०६/०८ गते र दोस्रो पटक मिति २०८३/०६/०९ गते प्रकाशित गरि उपस्थितिको लागि अनुरोध गरिएको थियो ।

२. <u>रजिष्ट्रेशन सम्बन्धी</u> :

कम्पनीकको तर्फबाट उक्त साधारणसभा हलमा कम्पनीका शेयरधनीहरुलाई रजिष्ट्रेशन स्थलमा कम्पनीका कर्मचारी र शेयर रजिष्ट्रार श्री एनएमवि क्यापीटल लिमिटेडका कर्मचारीहरुले हाजिरी पुस्तिकामा रजिष्ट्रेशन गरी सभाको कार्य तालिका, साधारण सभाको एजेण्डा, लेखापरीक्षण प्रतिवेदन समेत संलग्न रहेको कम्पनीकको तर्फबाट तयार पारिएको बार्षिक प्रतिवेदन सहित साधारण सभासंग सम्बन्धित विवरण प्रत्येक शेयरधनीहरुलाई उपलब्ध गराई सभाहलमा उपस्थिति गराइएको थियो ।

<u>उपस्थिति</u> :

कम्पनीको दशौं बार्षिक साधारण सभामा सञ्चालक समितिका निम्नानुसार पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

१)	श्री धनबहादुर श्रेष्ठ	अध्यक्ष
२)	श्री अशोक कुमार महर्जन	संचालक
३)	श्री शोभादेवी कर्माचार्य	संचालक
४)	श्री पुष्पराज शर्मा	संचालक
५)	श्री शशि राज श्रेष्ठ	संचालक
६)	श्री अनिमेस श्रेष्ठ	संचालक

साधारण सभामा उपस्थित अन्य पदाधिकारीहरु, प्रतिनिधिहरु तथा शेयरधनीहरु निम्नानुसार रहेका थिए ।

१)	श्री सुसन कर्माचार्य	सल्लाहकार
२)	श्री नरहाङ्ग राई	सल्लाहकार
३)	डा.परमानन्द चौधरी	सल्लाहकार
४)	श्री सन्तोष कुमार भट्टराई	(अधिवक्ता) कानुनी सल्लाहकार
५)	श्री मिलन खतिवडा	कम्पनी सचिव
६)	सि.ए. कमल प्रसाद सिलवाल	लेखापरिक्षक
७)	श्री ओम बहादुर बस्नेत	प्रमुख कार्यकारी अधिकृत मनिल्पान्ट साकोस
८)	श्री इन्द्रमणी पोखरेल	अध्यक्ष मनिल्पान्ट साकोस

EASTERN HYDROPOWER Ltd. 2017

९)	श्री इन्द्र माया तामाङ	अध्यक्ष याम्बालिङ्ग हाइड्रोपावर लि.
१०)	श्री ताया हाङ्ग राई	पूर्व संचालक
११)	श्री रमेश प्रसाद पाण्डे	शेयरधनी
१२)	श्री भेषराज गौतम	प्रबन्ध संचालक एस.सि. पावर कम्पनी प्रा.लि.
१३)	श्री रोशनी मुनकर्मी	प्रतिनिधि एनएमबि क्यापिटल लिमेटेड
१४)	श्री टेक कुमारी भण्डारी	प्रतिनिधि एनएमबि क्यापिटल लिमेटेड
११)	शेयरधनीहरु	भौतिक उपस्थिति तथा प्रोक्सी

३. **सभाको अध्यक्षता :**

कम्पनीको दशौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) एवं यस कम्पनीको नियमावलीको नियम १९ को उपनियम (१) अनुरुप संचालक समितिका अध्यक्ष श्री धनबहादुर श्रेष्ठले गर्नु भयो ।

४. **दशौं वार्षिक साधारण सभाको वैधानिकता तथा गणपुरक संख्या सम्बन्धमा :-**

आजको यस दशौं वार्षिक साधारण सभा वैधानिक भए नभएको सम्बन्धमा छलफल गर्दा हलमा उपस्थित हुनु भएका शेयरधनीहरु र दर्ता भएका प्रोक्सीको गणना गर्दा यस सभाको गणपुरक संख्या ७१% पुगी सभा कम्पनी ऐन, २०६३ को दफा ७३ र यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम सभा वैधानिक भएको कुरा अध्यक्षज्यूलाई सभामा जानकारी गराइयो र सभाले ताली बजाएर सभा वैधानिक भएको मञ्जुर गऱ्यो । तत्पश्चात सभाका अध्यक्षले सभाको काम कारवाही अगाडी वढाउन निर्देशन दिनुभयो ।

५. **सभाको प्रारम्भ तथा गतिविधिहरु :**

कम्पनीका सल्लाहकार श्री सुसन कर्माचार्यज्यूले सम्पूर्ण सहभागि व्यक्तित्वहरु तथा शेयरधनी महानुभावहरुलाई कम्पनीको दशौं वार्षिक साधारण सभामा स्वागत गर्दै मन्तव्य राख्नु भयो । सभाका अध्यक्ष श्री धनबहादुर श्रेष्ठले पानसमा वत्ती वालि कार्यक्रमको उद्घाटन गर्नुभयो । त्यस पश्चात कम्पनी सचिव श्री मिलन खतिवडाले सभाको कार्यसुचीको जानकारी गराउँदै सोही अनुरुप कार्यक्रम अगाडी वढाउनु भयो । सभामा संचालक समितिको तर्फवाट कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीका अध्यक्षले सभामा प्रस्तुत गर्नु भयो । त्यसै गरी कम्पनीको आ.व. २०८२।८३ को लेखापरिक्षण प्रतिवेदन र चालु आ.व. २०८३।८४ र आगामी आ.व. २०८४।८५ को बार्षिक वजेट तथा कार्यक्रम वित्तिय सल्लाहकार श्री भुपेन्द्र ज्ञवालीले प्रस्तुत गर्नु भयो । त्यस पछि कार्यक्रम संचालकले सभामा दशौं बार्षिक साधारण सभाका प्रस्तावहरु पेश गर्नु भयो र उक्त प्रस्ताव उपर दफावार छलफल गरि पारित गरियो ।

EASTERN HYDROPOWER Ltd. 2017

६. **छलफलमा सहभागि हुनुहुने शेयरधनी महानुभावहरु :**

साधारण सभामा प्रस्तावहरु पेश भै सकेपछि छलफलका लागी समय छुटयाइएको थियो । उक्त समयमा १४ जना शेयरधनीहरुले आफ्नो मन्तव्य राख्दै लिखित सुझाव समेत पेश गर्नु भएको थियो ।

शेयरधनीहरुको मन्तव्य तथा लिखित सुझाव :-

१) कम्पनीले १:०.८७१ को अनुपातमा हक प्रद शेयर निष्कासन गर्ने सम्वन्धमा बिषेश धन्यवाद दिनु भयो । साथै साधारणसभा समयमानै सम्पन्न गर्नु भएकोमा बिषेश धन्यवाद दिनुभएको छ ।

२) कम्पनीले ४४० मे.वा. को तिला १ जलविद्युत आयोजनामा लगानी गर्ने योजना रहेकोमा धन्यवाद दिँदै आयोजनाको लागत, निर्माणको समयमा जोखिम बहन सम्वन्धि व्यवस्थापन, आयोजनाको बिमा तथा आयोजनामा काम गर्ने जनशक्तिको सुरक्षा सम्वन्धि बिषयमा जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नु भयो ।

३) आर्थिक प्रतिवेदनमा समाबेश गरिएका अनुसुचि बिबरणहरुमा जिज्ञासा राख्दै आर्थिक सुचकहरु सकरात्मक रहेको सुझाव राख्नु भयो ।

४) लाभांश सम्बन्धी प्रस्ताव नआउदा दुःख लागेको, १:०.८७१ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्न लागेकोमा खुसी लागेको बताउनु भयो ।

५) समयमा साधारण सभा गरेकोले कम्पनीको संस्थागत सुशासन ठिक भएको बताउनु भएको ।

६) समयमै बार्षिक साधारण सभा गरेकोमा संचालक र व्यवस्थापक लाई धन्यवाद, आगामी आ.व.को साधारणसभामा प्रतिफल आशावादी छु, खर्चमा मितव्ययीता आउनुपर्ने सुझाव राख्नु भयो ।

७. **शेयरधनीहरुको जिज्ञासा तथा सुझाव उपर अध्यक्षको जवाफ :-**

शेयरधनीहरुको जिज्ञासाको जवाफ सभाका अध्यक्षले दिनु भयो र प्राप्त सुझावहरु कमश कार्यान्वयन गर्दै जाने जानकारी सभालाई गराउनु भयो ।

EASTERN HYDROPOWER Ltd. 2017

८. **सभावाट पारित प्रस्तावहरुः-**

१) सामान्य प्रस्तावहरु

क) यस कम्पनीको आजको दशौँ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री धनबहादुर श्रेष्ठले कम्पनीको आ. व. २०८२।०८३ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । अध्यक्षले पेश गर्नुभएको वार्षिक प्रतिवेदन उपर सभामा दफावार छलफल भयो । छलफलको कममा शेयरधनीहरुले उठाउनुभएको जिज्ञासाहरुको जवाफ अध्यक्षले दिनुभयो । तत्पश्चात कम्पनीको आ.व.२०८२।०८३ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित गरियो ।

ख) यस कम्पनीको आ.व. २०८२।०८३ को आथिर्क कारोबारको श्री के.पि. सिलवाल एण्ड एसोसिएट्सका प्रो. चार्टर्ड एकाउन्टेन्ट श्री कमल प्रसाद सिलवालले लेखापरीक्षण गरी पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदन यस सभामा पेश भयो । उक्त लेखापरीक्षण प्रतिवेदन माथी छलफल भै सो प्रतिवेदन साथ संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित गर्ने निर्णय गरियो ।

ग) यस कम्पनीको आ.व.२०८२।०८३ को आर्थिक कारोबारको लेखापरीक्षण गर्दै आउनु भएका श्री के.पि सिलवाल एण्ड एसोसिएट्सका प्रो. चार्टर्ड एकाउन्टेन्ट श्री कमल प्रसाद सिलवालले पुनः नियुक्तीका लागि योग्य हनु भएकाले आ.व.२०८३/८४ को आर्थिक कारोबारको लेखापरीक्षण गर्न नियुक्ति गर्ने र लेखापरीक्षण गरे वापत रु ३,००,०००/- (अक्षरुपी तीन लाख रुपैयाँ) मु.अ.कर बाहेक पारीश्रमिक दिनेगरी नियुक्ति गर्न संचालक समितिले निर्णय गरी यस साधारण सभामा पेश हुन आएको छ । यसमा संचालक समितिवाट सिफारिस भै आएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

२) विशेष प्रस्ताव

क) यस इष्टर्न हाइड्रोपावर लिमिटेडको नवौं वार्षिक साधारण सभावाट निर्णय भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६२,००,००,०००।- को १:१ अनुपातले हुन आउने ६२,००,००० (बैसठ्ठि लाख) कित्ता शेयर वरावरको हकप्रद शेयर निष्कासनको पूर्व स्वीकृतिका लागि श्री विद्युत नियमन आयोग समक्ष निवेदन पेश गरेकोमा ताहाँको मिति २०८३।५।१७ च.न. २१५ को पत्र मार्फत केही संसोधन सहित हालको चुक्ता पूँजी रु. ६२,००,००,०००।- को १:०.८७१ अनुपातले हुन आउने रकम रु. ५४,००,००,०००।- को ५४००००० कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि पूर्व-स्वीकृति प्राप्त भएले, यस

EASTERN HYDROPOWER Ltd. 2017

इष्टर्न हाइड्रोपावर लिमिटेडले भोजपुर जिल्लामा पिखुवा खोला साना जल विद्युत आयोजना (५ मेगावाट) निर्माण गर्दा लिएको ऋणको साँवा भुक्तानी गर्ने प्रयोजनको लागि कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु ६२ करोडको १:०.८७१ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने निर्णय गरियो ।

ख) यस कम्पनीको प्रशासनिक कार्यलाई थप व्यवस्थित, प्रभावकारी तथा सहज बनाउने उद्देश्यले कम्पनीको रजिष्टर्ड कार्यालय हाल कायम रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १०, ज्वागलबाट स्थानान्तरण गरी काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३१, मिनभवन स्थित सौभाग्य भवनमा कायम गर्ने प्रस्ताव सभाले सर्वसम्मत रुपमा ताली बजाएर पारित गर्ने निर्णय गरियो । साथै यस प्रयोजनका लागि कम्पनीको मौजुदा प्रवन्ध पत्रको पाँचौ र नियमावलीको चौथो संशोधन गर्ने र संशोधित प्रवन्ध पत्र र नियमावलीको २।२ प्रति टाइप गरी संशोधनका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत गराई अभिलिखित एक प्रति बुझिलिने समेत निर्णय गरियो ।

"प्रवन्धपत्रमा गरिएको संशोधनको व्यहोरा"

दफा (२) कम्पनी रजिष्टर्ड कार्यालय रहने ठेगाना :

"यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३१, मिनभवन स्थित, सौभाग्य भवनमा, रहने छ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृत लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय सार्न सकिने छ ।"

"नियमावलीमा गरिएको संसोधनको व्यहोरा" :-

नियम (२) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :

"यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३१, मिनभवन स्थित, सौभाग्य भवनमा, रहने छ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृत लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय सार्न सकिने छ ।"

३. **विविध:**

(क) संचालक समितिले कम्पनीको आ.व. २०८२।८३ को यथार्थ आयव्यय र आ.व. २०८३।८४ र २०८४।८५ को का वार्षिक बजेट तथा कार्यक्रम तयार गरि स्वीकृतीका

EASTERN HYDROPOWER Ltd. 2017

लागि यस साधारण सभामा पेश भयो । उक्त वार्षिक वजेट तथा कार्यकममा दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) यस कम्पनीको नवौँ वार्षिक साधारण सभाले कम्पनीको आ.व.२०८१।८२ को आय व्यय विवरणको लेखापरिक्षण गर्न के.पी सिलवाल एण्ड एसोसिएटका चारटर्ड एकाउन्टेन्ट प्रो श्री कमल प्रसाद सिलवाललाई नियुक्ति गर्ने र लेखापरीक्षण गरे वापत मु.अ. कर वाहेक रु २५०,०००।- उपलब्ध गराउने निर्णय गरेकोमा संचालक समितिले मिति २०८३ आश्विन १५ गते निर्णय गरी मु.अ.कर वाहेक रु ३००,०००/-(अक्षरुपी तिन लाख रुपैयाँ) पारिश्रमिक दिन सिफारिस गरेको हुदाँ उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ग) कम्पनीको यसै दशौँ वार्षिक साधारण सभामा कम्पनीको हाल जारी पूँजी रु ६२ करोड को १:०.८७१ को अनुपातमा हक प्रद शेयर निष्कासन गर्ने निर्णय गरेको छ । उक्त हकप्रद शेयर निष्कासन गर्ने प्रयोजनको लागि कुनै पनि नियामक निकायवाट कम्पनीको प्रवन्ध पत्र, नियमावली वा कम्पनीको साधारण सभावाट कुनै निर्णय गर्न गराउन निर्देशन प्राप्त हुन आएमा सो निर्णय गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो । साथै यसरी गरिएका निर्णयहरु कम्पनीको आगामी हुने वार्षिक साधारण सभावाट अनुमोदन गराउन पेश गर्न संचालक समितिलाई निर्देशन दिने समेत निर्णय गरियो ।

यस पछि छलफलका लागि कुनै प्रस्तावहरु नभएको व्यहोरा कार्यकम संचालकले सभामा जानकारी गराउनु भयो र तत्पश्चात् सभाका अध्यक्षज्यूले दशौँ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु र अन्य उपस्थित महानुभावहरुलाई सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा धन्यवाद दिदै दशौँ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

.....
मिलन खतिवडा
कम्पनी सचिव

EASTERN HYDROPOWER Ltd. 2017

.....
धनबहादुर श्रेष्ठ
अध्यक्ष